मिति २०७७/५/२२ मा बसेको मन्त्रिपरिषद् बैठक संख्या ८७/२०७७ का निर्णयहरू:-

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव नं. १/६१/३०६-२०७७/५/२१ को " प्रदेश पूर्वाधार विकास कार्यक्रम (संचालन कार्यविधि) (दोस्रो संसोधन) नियमावली, २०७७ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम परिमार्जन गरी अन्यको हकमा प्रस्तावमा लेखिए बमोजिम गर्ने:-

**(क)** "संशोधन मस्यौदाको वुँदा नं. ३ मा नियम ४ को उपनियम (१) को खण्ड (ख) मा रहेको **"स्थानीय तहसँग"** भन्ने शब्दहरुको अगाडि **"संघ तथा"** भन्ने शब्दहरु कायम गर्ने ।",

**(ख)** "मुल नियमावलीको नियम ५ को उपनियम (१) को खण्ड (ग) मा रहेको **"कार्तिक १५"** भन्ने शब्दहरुको सट्टा **"कार्तिक मसान्त"** भन्ने शब्दहरु कायम गर्ने ।"

**(ग)** "मुल नियमावलीको नियम ६ को उपनियम (१) को खण्ड (च) मा रहेको **"ब्लड बैंक"** भन्ने शब्दहरुको पछाडि **",उपकरण सहितको स्वास्थ्य प्रयोगशाला"** भन्ने शब्दहरु कायम गर्ने ।"

**(घ)** " मुल नियमावलीको नियम ७ को उपनियम (१) मा रहेको **"कार्तिक १५"** भन्ने शब्दहरुको सट्टा **"कार्तिक मसान्त"** भन्ने शब्दहरु कायम गर्ने र उपनियम (११) मा रहेको **"पचास लाख"** भन्ने शब्दहरुको सट्टा **"पैतिस लाख"** भन्ने शब्दहरु कायम गर्ने साथै सोही उपनियमको प्रतिवन्धात्मक वाक्यांशमा रहेको **"दश आयोजनाहरु"** भन्ने शब्दहरुको सट्टा **"पन्ध्र आयोजनाहरु"** भन्ने शब्दहरु कायम गर्ने ।"

**(ङ)** "संशोधन मस्यौदाको वुँदा नं. ६ मा नियम ७ को उपनियम (१५) मा रहेको शुरुको **"स्थानीय तहको"** भन्ने शब्दहरुको अगाडि **"संघ तथा"** र पछिल्लो **"सम्बन्धित स्थानीय तहको"** भन्ने शब्दहरुको अगाडि **"संघ तथा"** भन्ने शब्दहरु कायम गर्ने ।"

**(च)** " संशोधन मस्यौदाको वुँदा नं. ६ मा नियम ७ को उपनियम (१५) पछि देहायको **उपनियम (१६)** थप गर्ने -

(१६) **यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आ.व. २०७७/७८ मा कोभिड-१९ सँग सम्बन्धित अस्पताल, उपकरण सहितको प्रयोगशाला निर्माण सम्बन्धी कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखी छनौट गर्नुपर्नेछ** ।"

**(छ)** "मुल नियमावलीको नियम ८ को उपनियम (१) मा रहेको **"सम्बन्धित स्थानीय तहले"** भन्ने शब्दहरुको अगाडि **"संघ तथा"** भन्ने शब्दहरु कायम गर्ने ।"

**(ज)** " संशोधन मस्यौदाको वुँदा नं. ८ लाई हटाउने ।"

**(झ)** "संशोधन मस्यौदाको वुँदा नं. ९ लाई हटाउने ।"

**(ञ)** "संशोधन मस्यौदाको वुँदा नं. १० मा नियम १४ को उपनियम (१) मा रहेको अघिल्लो **"५०"** भन्ने अंकको सट्टा **"७०"** तथा पछिल्लो **"५०"** भन्ने अंकको सट्टा **"३०"** भन्ने अंक कायम गर्ने ।"

२. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/५८/३०३-२०७७/५/२१ को "सामाजिक विकास कार्यालयको अस्थायी संगठन संरचना तथा दरबन्दी तेरिज स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावित संगठन संरचना र अस्थायी दरवन्दी तेरिजमा उल्लेखित कैलाली, कञ्चनपुर, डोटी र अछाम जिल्लामा उपसचिव वा सो सरह (अधिकृतस्तर ९/१० तह) र अन्य जिल्लाहरुमा शाखा अधिकृत वा सो सरह (अधिकृतस्तर ७/८ तह) को कार्यालय प्रमुख राख्ने र ह.स.चा.को दरवन्दी हटाई अन्य विषयको हकमा आर्थिक मामिला तथा योजना मन्त्रालयको राय बमोजिम गर्ने गरी मात्र प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

३. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/५९/३०४-२०७७/५/२१ को "गर्भवती, सुत्केरी महिला र कडा रोगको कारणबाट ज्यान जोखिममा परेका बिरामीलाई हवाई उद्दार गर्ने सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"छलफल र आवश्यक परिमार्जन सहित समितिबाटै "गर्भवती, सुत्केरी महिला र कडा रोगको कोरणबाट ज्यान जोखिममा परेका बिरामीलाई हवाई उद्दार गर्ने सम्बन्धी कार्यविधि,२०७७" स्वीकृत गर्ने गरी मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा पठाउने।"

४. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/६०/३०५-२०७७/५/२१ को "सुदूरपश्चिम प्रदेश खेलकुद नियमावली, २०७७ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"छलफल र आवश्यक परिमार्जन सहित समितिबाटै "सुदूरपश्चिम प्रदेश खेलकुद नियमावली, २०७७" स्वीकृत गर्ने गरी मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा पठाउने।"

५. माननीय मुख्यमन्त्रीज्यूबाट वैठकमा प्रस्तुत विभिन्न मन्त्रालयहरुसँग सम्बन्धित मौखिक प्रस्तावका सन्दर्भमा देहाय बमोजिम गर्नेः-

क. नेपालको संविधान, प्रदेश सरकार (कार्यविभाजन) नियमावलीद्वारा प्रद्धत क्षेत्राधिकारभित्र रही सबै मन्त्रालयहरुले आ-आफ्नो मन्त्रालय सम्बद्ध नीति, योजना तथा मापदण्डहरु लगायतका आवश्यक कानूनहरुको मस्यौदा मिति २०७७ साल पुस मसान्तभित्र तयार गरी स्वीकृतिका लागि पेश गर्ने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली